**नेपाल सरकार**

**अर्थमन्त्रालय**

# युवाहरूलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१

**प्रस्तावनाः–**

नेपाल सरकारले आर्थिक वर्ष २०७१/७२ को बजेट वक्तव्यको बुँदा नं. ७६ मा "बढ्दो बेरोजगारी र ग्रामीण क्षेत्रबाट युवाहरू पलायन हुने समस्यालाई सम्बोधन गर्न र युवाहरूलाई कृषिमा आकर्षित गर्न व्यावसायिक तरकारी, पशुपंक्षीपालन, जडिवुटी, तरकारी र फलफूल खेती, दुग्ध व्यवसाय, मत्स्यपालन, च्याउ खेती, जडिबुटी, कृषि भण्डारण, शीत भण्डारण, पशु बधशाला एवं मासुजन्य व्यवसायका लागि वाणिज्य बैंकबाट प्रदान गरिने ऋणको ब्याजदर ६ प्रतिशत नाघ्ने छैन । यसका लागि ४ प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाइएको तथा यसका लागि रु १ अर्ब विनियोजन गरिएको" भनी उल्लेख भएकोले वित्तीय स्रोतको परिचालन गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण, विविधीकरण र व्यवसायीकरण गरी राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउन उक्त व्यवस्था कार्यान्वयन गर्न कार्यविधि बनाउनु पर्ने भएकोले कार्यविधि तयार गरिएको ।

**नेपाल सरकार (मन्त्रिपरिषद) ले देहायको कार्यविधि बनाई लागू गरेको छ ।**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "युवाहरूलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ* ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि

(क) "बैंक" भन्नाले यस कार्यविधि अनुसार कृषि कर्जा प्रवाह गर्ने वाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

(ख) "युवा" भन्नाले आर्थिक रुपले सक्रिय २१ वर्ष देखि ४५ वर्षसम्म उमेर समूहका प्राकृतिक व्यक्ति वा त्यस्ता व्यक्तिहरूबाट सञ्चालित फर्म, कम्पनी र संस्था समेतलाई सम्झनु पर्दछ ।

(ग) "ग्रामीण क्षेत्र" भन्नाले महानगरपालिका तथा उपमहानगरपालिकाको कार्यक्षेत्र बाहेकका क्षेत्रहरूलाई सम्झनुपर्दछ ।

---

* *नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७१/०६/०२ को निर्णयानुसार*

(घ) "कृषि व्यवसाय" भन्नाले यस कार्यविधिको अनुसुचीमा-१ मा उल्लेख गरिएका क्षेत्रहरूमा श्रम तथा पूँजी लगानी गरी गरिएको व्यवसाय सम्झनुपर्दछ । साथै सो शब्दले अनुसुचीमा उल्लेख गरिएका बाहेक समय समयमा नेपाल सरकारले कृषि व्यवसाय भनी तोकेका अन्य व्यवसायहरू समेतलाई सम्झनु पर्दछ ।

(ङ) "कृषि कर्जा" भन्नाले यस कार्यविधिको अनुसुचीमा-१ मा उल्लेख गरिएका क्षेत्रहरूमा कृषि व्यवसायका लागि वाणिज्य बैंकहरूले प्रवाह गरेको कर्जा सम्झनु पर्दछ । साथै सो शब्दले अनुसुचीमा उल्लेख गरेको बाहेक नेपाल सरकारले कृषि कर्जा भनि तोकेका कर्जाहरूलाई समेत सम्झनुपर्दछ ।

(च) "कृषि भण्डारण" भन्नाले प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडिवुटी, दुग्ध पदार्थ तथा माछा) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्दछ ।सो शव्दले स्वदेशमा उत्पादन भएका प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडिवुटी, दुग्ध पदार्थ तथा माछा) खरिद गरी भण्डारण गर्ने कार्यलाई समेत जनाउँदछ ।

३. **कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी व्यवस्थाः** (१) युवाहरूलाई कृषिमा आकर्षित गर्न अनुसूची–१ मा उल्लिखित कृषि व्यवसायका लागि वाणिज्य बैंकबाट प्रवाहित कर्जामा नेपाल सरकारले ४ प्रतिशतसम्म ब्याज अनुदान उपलव्ध गराउने छ ।

(२) यस्तो व्याज अनुदान यो कार्यविधि लागु भएपछि कर्जा लिने ऋणिहरूलाई मात्र उपलव्ध हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कृषि व्यवसाय ग्रामीण क्षेत्रमा स्थापना भई सञ्चालनमा रहेको हुनुपर्नेछ । यस्तो कर्जामा वाणिज्य बैंकले ऋणी कृषि व्यवसायीबाट ब्याज अनुदान वाहेक ६ प्रतिशत भन्दा बढी ब्याज नलिने गरी कर्जा लगानी गर्नु पर्नेछ । साथै, कृषि कर्जामा लिइने ब्याजमा अन्य निकायलाई दिनुपर्ने बीमा शुल्क, कर्जा सुचना सम्बन्धी शुल्क जस्ता शुल्क बाहेक अन्य कुनै पनि प्रकारको सेवा शुल्क समावेश गरि लिन पाईने छैन ।

(४) ब्याज अनुदान प्राप्त गर्ने कृषि कर्जाको अधिकतम सीमा प्रति ग्राहक रु एक करोड हुनेछ । यस्तो कर्जाको साँवा वा ब्याज भुक्तानी अवधी तीन महिना भन्दा कम हुने छैन ।

(५) यस कार्यविधि बमोजिम प्रत्येक वाणिज्य बैंकलाई ब्याज अनुदान प्राप्त हुने गरी प्रवाह गर्ने कृषि कर्जाको शुरु सीमा रु १ अर्ब हुनेछ । उक्त सीमा भन्दा बढी कर्जा लगानी गर्नुपरेमा सम्बन्धित वाणिज्य बैंकले नेपाल राष्ट्र बैंकसँग अग्रीम सहमति लिनुपर्नेछ ।

(६) यस कार्यविधि बमोजिम ब्याज अनुदान दिइने कृषि कर्जाको भुक्तानी अवधि बढीमा ५ वर्षको हुनेछ । ऋणीले व्याज अनुदान पाउने रकम वाहेक अरू लागेको ब्याज रकम सम्बन्धित वाणिज्य बैंकलाई भुक्तानी गरेपछि मात्र ब्याज अनुदानका लागि योग्य मानिनेछ ।

(७) अनुसूची–१ र ब्याजदर अनुदानको प्रतिशत प्रत्येक आर्थिक वर्षको शुरुमा समन्वय तथा अनुगमन समितिको सिफारिसमा आवश्यकता अनुसार नेपाल सरकारले पुनरावलोकन गर्न सक्नेछ ।

४. **कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान रकमको भुक्तानी प्रक्रियाः** (१) ब्याज अनुदान स्वरुप प्रदान गरिने रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागबाट सञ्चालन हुने गरी बैकिङ कार्यालयहरूमा "कृषि कर्जा ब्याज अनुदान शोधभर्ना" नामको एउटा खाता खोल्नेछ ।

(२) उपदफा (१) बमोजिमको खातामा अर्थ मन्त्रालयले रु ५० करोड अग्रिम रुपमा जम्मा गर्नेछ । उक्त रकमले नपुग भएमा वा ब्याज अनुदान निरन्तर रुपमा प्रदान गर्नुपरेमा यसका लागि आवश्यक रकम समय समयमा थप जम्मा गरिनेछ ।

(३) वाणिज्य बैंकहरूले यस कार्यविधि बमोजिम प्रवाहित कर्जाको सदुपयोगिता यकीन गरी ऋणीले त्रैमासिक अवधिमा भुक्तानी गर्नुपर्ने कर्जा रकम भुक्तानी गरेको प्रमाण सहित अनुसूची ३ मा उल्लिखित ढाँचामा नेपाल राष्ट्र बैंकमा ब्याज अनुदानका लागि निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन र कर्जा सदुपयोगिताको प्रमाणका आधारमा नेपाल राष्ट्र बैंकले सम्बन्धित वाणिज्य बैंकलाई ब्याजमा दिनुपर्ने अनुदान रकमको शोधभर्ना "कृषि कर्जा ब्याज अनुदान

शोधभर्ना" खाताबाट सम्बन्धित बाणिज्य बैंकको नेपाल राष्ट्र बैंकको बैंकिङ कार्यालयमा रहेको खातामा जम्मा हुने गरी शोधभर्ना दिनेछ ।

(५) उपदफा (४) बोमजिम सोधभर्ना दिएको रकम उपदफा (२) बमोजिमको रकमले नखामेमा नेपाल राष्ट्र बैंकले चौमासिक रूपमा नेपाल सरकारबाट प्राप्त गर्ने छ ।

५. **कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कर्जाहरूको वर्गीकरण नेपाल राष्ट्र बैंकले बाणिज्य बैंकलाई जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ । प्रचलित कानून, नेपाल राष्ट्र बैंकको नियमन र निर्देशनको परिधिभित्र रही यस्तो कर्जाको लगानी, अनुगमन तथा असुली सम्बन्धमा सम्बन्धित वाणिज्य बैंकले स्पष्ट नीति र प्रक्रिया बनाई लागु गर्नुपर्नेछ ।

(२) ऋणीले साँवा ब्याज नियमित गरेको अवस्थामा सम्बन्धित वाणिज्य बैंकले नेपाल सरकारबाट पाउनु पर्ने ब्याज रकम समेत सोही अवधिको ब्याज अनुदान आम्दानीमा गणना गर्न सकिनेछ । नेपाल सरकारबाट पाउनुपर्ने ब्याज अनुदान वापतको यस्तो रकमलाई पुँजीकोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शुन्य प्रतिशत जोखिम भार प्रदान गर्न सक्नेछन् ।

६. **कृषि व्यवसाय गरी यस कार्यविधि बमोजिम ब्याज अनुदान रकम प्राप्त गर्ने ऋणीले गर्नुपर्ने कार्यः** कृषि कर्जामा ब्याज अनुदानको शोधभर्ना लिने प्रयोजनको लागि ब्याज अनुदान रकम प्राप्त गर्ने ऋणीले देहाय बमोजिम काम गर्नुपर्नेछः–

(क) यस कार्यविधिमा तोकिएको प्रक्रियाबमोजिम व्याज अनुदान सहितको कृषि कर्जा लिनको लागि अनुसूची–२ बमोजिमको ढाँचामा सम्बन्धित वाणिज्य बैंक समक्ष निवेदन पेश गर्ने ।

(ख) आफुले लिएको कर्जाको साँवा ब्याज रकम समयमै भुक्तानी गर्ने, कर्जा सुरक्षित गर्नका लागि बाणिज्य बैंकले मागेका विवरण उपलब्ध गराउने र तोकेका शर्तहरूको पालना गर्ने ।

(ग) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यको लागि मात्र कर्जा लगानी गर्नु पर्नेछ । उक्त कर्जा सदुपयोग भएको नपाईएमा व्याज अनुदान दिईने छैन ।

७. **सम्बन्धित वाणिज्य बैंकको काम, कर्तब्य र अधिकारः** कृषि कर्जामा ब्याज अनुदानको शोधभर्ना लिने प्रयोजनको लागि सम्बन्धित वाणिज्य बैंकले गर्नुपर्ने काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) कृषि कर्जामा ब्याज अनुदान रकम प्राप्त गर्ने गरी कृषि व्यवसायीबाट कर्जाको लागि निवेदन दिएमा प्राप्त निवेदन तथा विवरणका आधारमा विश्लेषण गरी कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्ने । कर्जा प्रवाह गर्न नसकिने भएमा कर्जा लगानी गर्न नसकिने स्पष्ट कारण सहित कृषि व्यवसायीलाई जानकारी दिने ।

(ख) कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान रकम प्राप्त गर्नका लागि अनुसूचि-३ मा उल्लेखित नवेदनको ढाँचामा ऋणीले अनुदान पाउने व्याज रकम बाहेक अरू ब्याज रकम असुल गरेको प्रमाणसहित नेपाल राष्ट्र बैंकसँग शोधभर्ना माग गर्ने ।

(ग) खण्ड (क) बमोजिम कृषि कर्जामा ब्याज अनुदान प्राप्त हुने गरी प्रदान गरिएको कर्जा सम्बन्धी त्रैमासिक विवरण अनुसुची–४ र अनुसुची–५ बमोजिम १५ दिन भित्र नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउने ।

(घ) अनिवार्य रुपमा कर्जा सदुपयोगिता निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गरी राख्ने ।

(ङ) यस अन्तर्गत लगानी गरेको कर्जाको बैंक ब्याजदर अवधिभर बृद्धि गर्ने पाईने छैन ।

(च) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाईएमा व्याज अनुदान दिएको रकम वाणिज्य बैंकलाई सोधभर्ना दिईने छैन । सोधभर्ना दिईसकेको भए सम्बन्धित बैंकबाट असुल उपर गरिने छ ।

८. **नेपाल राष्ट्र बैंकको काम, कर्तब्य र अधिकारः** नेपाल राष्ट्र वैंकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) वाणिज्य बैंकबाट कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान रकम प्राप्त गर्नका लागि शोधभर्ना माग भई आएमा "कृषि कर्जा ब्याज अनुदान शोधभर्ना" खाताबाट सम्बन्धित वाणिज्य बैंकलाई शोधभर्ना रकम उपलब्ध गराउने ।

(ख) खण्ड (क) बमोजिम वाणिज्य बैंकलाई शोधभर्ना उपलब्ध गराइएको रकमको त्रैमासिक विवरण अर्थ मन्त्रालयलाई उपलब्ध गराउने ।

(ग) यो कार्यविधिको प्रभावकारी रुपले कार्यान्वयन गर्नका लागि आवश्यक नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

(घ) कर्जा निरीक्षण गर्दा उद्देश्य अनुरुप भएको नपाईएमा प्रचलित कानुन तथा नेपाल

राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिमको सम्बन्धित पक्षलाई कारवाही गर्ने ।

९. **समन्वय तथा अनुगमन समितिको गठनः** (१) कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एउटा समन्वय तथा अनुगमन समिति गठन हुनेछ ।

(क) डेपुटी गभर्नर (बैंक तथा वित्तीय संस्था नियमन विभाग हेर्ने), नेपाल राष्ट्र बैंक,- संयोजक

(ख) सह–सचिव, अर्थ मन्त्रालय, - सदस्य

(ग) सह–सचिव, कृषि मन्त्रालय, - सदस्य

(घ) अध्यक्ष, नेपाल बैंकर्श एशोसियशन, - सदस्य

(ङ) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, - सदस्य सचिव

१०. **समितिको काम, कर्तव्य र अधिकारः** (१) कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने तथा निर्देशिका वा अनुसूचिको व्याख्या गर्ने कार्य समितिले गर्न सक्नेछ । समितिको बैठक कम्तीमा प्रत्येक त्रैमासिक रूपमा बस्नेछ ।

११. **गुनासो सम्बन्धी व्यवस्थाः** यस कार्यविधिको कार्यान्वयनका क्रममा वाणिज्य बैंकले कर्जा प्रवाह नगरेको, कृषि व्यवसायीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका गुनासो सुन्ने तथा सो का आधारमा आवश्यक काम कारवाही अगाडी बढाउने कार्य समेत समन्वय तथा अनुगमन समितिले गर्नेछ ।

१२. **संशोधन तथा हेरफेरः** नेपाल सरकार, अर्थ मन्त्रालयले यस कार्यविधिको अनुसूचिमा आवश्यकताअनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

## अनुसूची –१
## (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकारले उपलब्ध गराउने ब्याज अनुदानका लागि योग्य कृषि व्यवसायहरू

१. तरकारी उत्पादन, प्रशोधन तथा भण्डारण,

२. विउ विजन उत्पादन, प्रशोधन तथा भण्डारण,

३. पुष्प व्यवसाय,

४. पशुपंक्षीपालन,

५. फलफूल उत्पादन, उत्पादित फलफुलको प्रशोधन तथा भण्डारण,

६. दुग्ध उत्पादन, प्रशोधन र विक्री वितरण,

७. मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा विक्री वितरण,

८. च्याउ उत्पादन, प्रशोधन तथा भण्डारण,

९. पशुबधशाला एवं मासुजन्य उत्पादन व्यवसाय,

१०. जडिवुटी उत्पादन, प्रशोधन र भण्डारण

११. उखु खेती, अलैची खेती तथा अदुवा खेती र त्यसको भण्डारण तथा प्रशोधन र

१२. नेपाल सरकारले समय–समयमा थप गरेका अन्य कृषि व्यवसायहरू ।

**अनुसूची–२**
**(दफा ६ को खण्ड "क" सँग सम्बन्धित)**

**ऋणीले ब्याज अनुदान सहितको कृषि कर्जाका लागि बैंकमा दिने निवेदनको ढाँचा**

**श्री** ...................................**बैंक लि.,**
.................................................................... ।

**विषयः** ब्याज अनुदान सहितको कृषि कर्जा बारे ।

**महाशय,**
उपर्युक्त सम्बन्धमा नेपाल सरकारले आ.व. २०७१/७२ को बजेट वक्तव्यमा घोषणा गरी कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ बमोजिम कर्जा उपभोग गर्नका लागि मलाई/मेरो (फर्म, कम्पनी, संस्था) ..........लाई ................ प्रयोजनका लागि कर्जा प्रदान गरिदिन हुन यो निवदेन पेश गरेको छु । साथै, त्यस बैंकले तोकेका कागजात तथा विवरण समेत यसै निवदेन साथ संलग्न गरी पेश गरेका छु/छौं ।

मैले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएका शर्तहरूको अधिनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको साँवा तथा ब्याज समयमै भुक्तानी गर्नेछु ।

**नामः**
**ठेगानाः**
**सम्पर्क टेलिफोन नं.**

**फर्म, कम्पनी, संस्था, उद्योग भए**,
**नामः**
**छापः**
**ठेगानाः**
**सम्पर्क टेलिफोन नं.**

**अनुसूची – ३**

**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**

**................................ बैंक लि.**

**श्री नेपाल राष्ट्र बैंक,**
**बैंकिंग कार्यालय,**
..................................... ।

**विषयः**– कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान बारे ।

**महाशय,**

यस बैंकले कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ अनुरुप प्रवाह गरेको कर्जामा यसैसाथ संलग्न विवरण (अनुसूची–४) बमोजिमका ऋणीहरूले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेको र सो कर्जाको सदुपयोग गर्दै आएकोले उक्त कर्जाहरूमा पाउने व्याज अनुदान वापतको रकम कुल रु ..............(अक्षेरेपी रु........................) तहाँको बैकिङ्ग कार्यालय स्थित यस बैंकको खाता नं. .......... मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । साथै, उपरोक्त अवधिमा सम्बन्धित ऋणहरूबाट ब्याज वापत रकम रु ..............(अक्षेरेपी रु................................) असुल उपर भइसकेको व्यहोरा समेत अनुरोध छ ।

............................**बैंक लि. को तर्फबाट**

**दस्तखतः**
**नामः**
**पदः**
**छापः**
**विभाग/कार्यालयः**

**नोटः** बैंकले १० प्रतिशत व्याजदरमा कृषकलाई ऋण लगानी गरेको अवस्थामा ६ प्रतिशत व्याज कृषकबाट र ४ प्रतिशत व्याज अनुदानको रुपमा नेपाल राष्ट्र बैंकसँग दावी गर्ने त्यसै गरी बैकले ९ प्रतिशत व्याजदरमा कृषकलाई ऋण लगानी गरी कृषकबाट ६ प्रतिशत व्याज लिएको अवस्थामा ३ प्रतिशत र कृषकबाट ५ प्रतिशत मात्र व्याज लिएमा ४ प्रतिशत व्याज नेपाल राष्ट्र बैंकसँग अनुदानको रूपमा दावी गर्ने ।

## अनुसूची –४
### (दफा ७ को खण्ड "ग" सँग सम्बन्धित)

**मितिः २०७ .../...../.....**

**श्रीमान् कार्यकारी निर्देशकज्यू,**
**नेपाल राष्ट्र बैंक,**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग,**
**काठमाण्डौं ।**

**विषयः** ब्याजमा अनुदान प्रदान गरिएका कृषि कर्जाको त्रैमासिक विवरण।

**महोदय,**

कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ ले गरेको व्यवस्था अनुसार यस संस्थाले विभिन्न शीर्षकमा प्रवाह भएको कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

**शोधभर्ना पाउनुपर्ने कर्जाको विवरण**

| क्र.सं. | ऋणीको नाम | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | कर्जा बक्यौता (रु) | कर्जा भुक्तानी मिति | यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम (रु) | ब्याज अनुदान रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

**शोधभर्ना पाउनुपर्ने जम्मा रकम रु................... अक्षेरेपी रु..................**

**.....................बैंकको तर्फबाट**

**दस्तखतः**
**नामः**
**पदः**
**छापः**
**विभाग/कार्यालय:**

## अनुसूची – ५
(दफा ७ को खण्ड "ग" सँग सम्बन्धित)

मितिः २०७.. । .. । ..

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
काठमाण्डौं ।

विषयः ब्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका कर्जाको त्रैमासिक विवरण ।

महोदय,
युवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ ले गरेको व्यवस्था अनुसार यस संस्थाले विभिन्न शीर्षकमा प्रवाह भई नियमित नभएका कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

नियमित नभएका कर्जाको विवरण

| क्र.सं. | ऋणीको नाम | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | कर्जा साँवा बक्यौता (रु) | कर्जा भुक्तानी मिति | यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम (रु) | ब्याज अनुदानको अनुमानित रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

शोधभर्ना पाउनुपर्ने जम्मा रकम रु.................. अक्षेरेपी रु.................

....................बैंकको तर्फबाट
दस्तखतः
नामः
पदः
छापः
विभाग/कार्यालय